रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी

## दरभाउपत्र/बोलपत्र आव्हानको सूचना

( प्रथम पटक सूचना प्रकाशित मिति २०७९।०२।२६ गते )

रामग्राम नगरपालिकाको आ.व. २०७८।०७९ को वार्षिक बजेट अनुसार सडक बोर्ड नेपाल र नगरपालिकाको लागत सहभागीतामा तल उल्लेखित स्थानमा तोकिए बमोजिमको निर्माण कार्य गराउनु पर्ने भएकाले नेपाल सरकारवाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुवाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक दरभाउपत्र/बोलपत्र आव्हान गरिएको छ ।

१. दरभाउपत्र/बोलपत्र फाराम खरीद गर्न इच्छुक निर्माण व्यवसायीहरुले आ.व. २०७८।०७९ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), आ.व. २०७७।०७८ सम्मको कर चूक्ता गरेको प्रमाण पत्र सम्वन्धितको नागरिकताको प्रमाण पत्र र फर्म सम्वन्धि अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि सहित www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी पेश गर्न सकिने छ ।

२. खरीद गरिएको बोलपत्रको हकमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले उल्लेखित अनुसारको मिति भित्र वा अन्तिम दिनको दिउंसो १२:०० बजे भित्र सार्वजनिक खरिद कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp बाट भर्न सकिने छ । सूचनाको विस्तृत विवरण टेण्डर फारम संग संलग्न छ ।

३. दरभाउपत्र/बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा दरभाउपत्र/बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कूराहरु खूलेको प्रमाण दरभाउपत्र/बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४. दरभाउपत्र/बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने दरभाउपत्र/बोलपत्र दाताहरुको दरभाउपत्र/बोलपत्र स्वीकृत गरिने छैन ।

५. दरभाउपत्र/बोलपत्र दाताले प्राविधिक योग्यताको कागजातहरु पेश गर्दा दरभाउपत्रको सूचना तथा दरभाउपत्र/बोलपत्र पुस्तिकामा उल्लेख भएका कागजातहरु मात्र क्रमबद्ध रुपमा राखी पेश गर्नु पर्ने छ ।

६. पेश भएका दरभाउपत्र/बोलपत्र सोही दिनको १४:०० वजे दरभाउपत्र/बोलपत्र दर्ता गर्ने फर्महरुको सम्वन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्र/बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र/बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्र साथ जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैक परासी शाखाको धरौटी खाता नं. ३१००१००३०३००००००२ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक बाट मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी भएको घटीमा दरभाउपत्र/बोलपत्र पेश गर्ने अन्तिम मिति बाट क्रमस ९० र १२० दिन सम्म म्याद भएको जमानीपत्र (Bidbond) समावेश भएको हुनु पर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिने छ र दरभाउपत्र/बोलपत्र खरिदका लागी राष्ट्रिय बाणिज्य बैक परासी शाखाको खाता नं. ३१००१००३०१०१०००२ मा नगद रकम दाखिला गरी बैक भौचर पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्र/बोलपत्र दर्ता गर्ने फर्महरुले दरभाउपत्र/बोलपत्र पुस्तिका राम्रो संग अध्ययन गरि सम्पन्न गर्नु पर्ने कामको विवरण ,लोकेशन, भौगोलिक अवस्था आदि सवै पक्षमा राम्ररी बुझी दरभाउपत्र/बोलपत्र भरेको मानिने छ । दरभाउपत्र/बोलपत्र जुन फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट पेश गर्नु पर्नेछ । शिलवन्दी दरभाउपत्र/बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु दरभाउपत्र/बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९. दर्ता भएको दरभाउपत्र/बोलपत्र मान्य अवधि दरभाउपत्र/बोलपत्र दर्ता गर्ने अन्तिम मितिवाट क्रमस ४५ र ९० दिनको हुनेछ ।

१०. कुनै पनि कारण जनाइ वा नजनाइ दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. कामको गुणस्तरलाई कडाइका साथ नियन्त्रण गरिनेछ । तोकिएको गुणस्तर कायम गर्नको लागि प्रयोगशाला परीक्षण समेत गरिने छ र सो सम्वन्धि लाग्ने खर्च निर्माण व्यवसायी स्वयंले व्यहोर्नु पर्ने छ । योग्यताको लागि नक्कली कागजात पेश गरिएको पाईएमा निज बोलपत्रदाताको दरभाउपत्र/बोलपत्र रद्द गरी कालोसूचीमा समावेश गरिनेछ ।

१२. दरभाउपत्र/बोलपत्र फाराम र यस सूचनामा लेखिएका कूराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१३. बोलपत्र स्वीकृत नभएका बोलपत्र दाताहरुको अर्नेष्टमनीको रकम ठेक्का सम्झौता भए पछि मात्र फिर्ता वा फुकुवा दिइनेछ । उक्त ठेक्का सार्वजनिक खरिद कार्यालयको वेभसाइट WWW.bolpatra.gov.np/egp बाट भर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | निमार्ण स्थल | कुल ल.ई. रकम कन्टिनजेन्सी र भ्याट बाहेक | जमानत वापतको रकम | बोलपत्र/दरभाउपत्र/ बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | RAM/ EB /PR/078/079/49 | Purchase of Laptop and Desktops | Ramgram Municipality Office | 1323893.81 | 37400.00 | 1000.00 | |

प्रमुख प्रशासकिय अधिकृत